लुम्बिनी साँस्कृतिक नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १ मितिः २०७७।८।२९


भाग-२

# मेयर कन्या विवाह योजना संचालन कार्यविधी

लुम्बिनी साँस्कृतिक राजपत्र

२०७७

## लुम्बिनी साँस्कृतिक नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ | संख्या: १ | मिति: २०७७।८।२९

भाग-२

## लुम्बिनी साँस्कृतिक नगरपालिका
**लुम्बिनी, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

# मेयर कन्या विवाह योजना संचालन कार्यविधी २०७७

स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ उपदफा (१) बमोजिम लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिका एवम् नगर सभाबाट पारित गरि सर्वसाधारणको जानकारीका लागि कार्यविधि प्रकाशित गरिएको छ ।

स्वीकृत मिति: २०७७।८।२९

**प्रस्तावना :** लुम्बिनी साँस्कृतिका नगरपालिकाको कार्य क्षेत्र भित्र जन्म भएका कन्याको आर्थिक, सामाजिक जिवनस्तरसुदृढ गरी शिक्षा र भविष्यलाई सुरक्षित तुल्याईसेवा प्रदान गर्ने हेतुले नगरपालिकाको मिति २०७७/०३/३१गते को पाँचौं नगरसभाको बैठकबाट मेयर कन्या विवाह योजना कार्यक्रम लागू गरी नगरपालिका भित्रकार्यान्वयन गर्ने निर्णय भए बमोजिम यो मेयर कन्या विवाह योजना संचालन कार्यविधी, २०७७ तयार पारीलागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधीको नाम मेयर कन्या विवाह योजना संचालन कार्यविधी, २०७७ रहेको छ ।

(ख) यो कार्यविधी नगरकार्यपालिकाबाट स्विकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा, -

(क) “कार्यविधी” भन्नाले यस मेयर कन्या विवाह योजना संचालन कार्यविधी, २०७७ लाई सम्झनु पर्छ ।

(ख) “कार्यक्रम” भन्नाले मेयर कन्या विवाह योजनालाई सम्झनु पर्छ ।

(ग) “कन्या” भन्नाले अविवाहित महिलालाई सम्झनु पर्छ ।

(घ) “कार्यक्षेत्र” भन्नाले यस नगरपालिकाले ओगटेको भुभाग वा नगर पालिकाको भित्री ठाउँबिशेषलाई वा वडाले ओगटेको भुभागलाई सम्झनु पर्छ ।

(ङ) “कार्यालय” भन्नाले नगरपालिका कार्यालय र वार्ड कार्यालय दुवैलाई सम्झनु पर्छ ।

(च) “समिति” भन्नाले मेयर कन्या विवाह योजना संचालन समितिलाई सम्झनु पर्छ ।

(छ) “कन्या संरक्षण” भन्नाले मेयर कन्या विवाह योजना अन्तर्गत नगर कार्यपालिकाले कन्यालाई कार्यविधिमा तोके बमोजिम प्रदान गर्ने सुविधाहरु भनि सम्झनु पर्छ ।

(ज) “कर्मचारी” भन्नाले नगरपालिका क्षेत्र भित्र कार्यरत नेपाल सरकार अन्तर्गत निजामती सेवा नियमावली अन्तर्गत वा नगर कार्यपालिकाबाट नियुक्त भएका कर्मचारी सम्झनु पर्छ ।

(झ) “वित्तिय संस्था ”भन्नाले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्था वा नगरपालिका कार्यालयबाट मान्यता प्राप्त अर्द्धसरकारी वित्तिय संस्था क, ख, ग श्रेणीको बैंक, वा बिमा संस्थाहरु भनि सम्झनु पर्छ ।

(ञ) “करार” भन्नाले दुई वा सो भन्दा बढी पक्ष बिच समय, पारिश्रमिक एवं आवश्कता अनुसार शर्तहरु समेत तोकेर तोकिएको कार्य सम्पादन गर्नको लागि गरिएको सम्झौता भनि सम्झनु पर्छ ।

**३. उद्देश्यः**

कार्यक्रम संचालन गर्नुको मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

लमही सांस्कृतिक राजमार्ग

(क) नगरपालिका भित्र जन्मेका कन्याहरु प्रति दर्शाइने अवहेलना एवं अस्विकार्यता जस्ता सामाजिक विकृतिहरुलाई निरुत्साहित गर्दै उनीहरुको जिवन सुरक्षा गर्न उनीहरुको मातापिता वा अभिभावकलाई प्रेरित गर्ने ।

(ख) कन्याका लागि चाहिने स्वास्थय एवं शिक्षा जस्ता अत्यावश्यक कुर ाहरुमा घरपरिवारको दायित्वलाई थप जिम्मेवारपुर्ण बनाउने, कन्याको शिक्षा लगायतका क्षेत्रमा घरायसी एवं सामाजिक रुपमा गरिने भे दभावलाई निरुत्साहित गर्ने ।

(ग) कन्याको जिवनको सुरक्षा एवं भविष्यलाई आर्थिक, सामाजिक रुपमा सहयोग पुऱ्याई मदत गर्ने ।

(घ) नगरपालिका भित्र रहेका अविवाहित कन्याहरुको व्यक्तिगत अभिलेख राख्ने एवं उनीहरुसंग सम्बन्धितआवश्यक योजना एवं कार्यक्रमहरु संचालन गर्ने ।

**४. प्रावधानहरुः**

कार्यक्रम अन्तर्गतका उद्देश्यहरु पूर्ति गर्न गरिने क्रियाकलापहरुलाई कार्यान्वयन गर्न निम्नानुसारका प्रावधानहरुको व्यवस्था गरिनेछ ।

**(क) अभिलेख व्यवस्थापन :**

नगरकार्यक्षेत्र भित्र बसोबास गर्ने नागरिक दम्पतिहरुबाट २०७७/४/१ गतेदेखी (आ.व.२०७७/०७८) देखी २० वर्ष पुरा मान्यता प्राप्त मदरसा गुम्बा,गुरुकुल,वा संघसंस्था बाट ९ कक्षा उर्तिणा भई विवाह भएका, विवाह भएको ३ महिनाभित्र विवाह दर्ताको प्रमाण पत्र र निजको पारिवारिक विवरण (अनुसुची १ अनुसार) तयार गरी कन्याको संरक्षण कार्य संचालन गर्न निम्न बमोजिम अभिलेख व्यवस्थापन कार्य गरिनेछ ।

**अ) वडा कार्यालयले गर्नुपर्ने कार्यहरु :**

वडा कार्यालयले निम्नानुसारका कागजातहरु संकलन एवं तयार गर्नुपर्ने छ ।

१) कन्याको पतिको जन्मदर्ता वा नागरिकताको प्रतिलिपी ।

२) कन्याको जन्मदर्ता वा नागरिकताको प्रतिलिपी ।

३) कन्याको विवाहदर्ता प्रमाणको प्रतिलिपी ।

४) कन्याको पारिवारिक विवरण सक्कल प्रति ।

५) कन्याले दिएको निवेदन ।

लुम्बिनी सांस्कृतिक राजपत्र

**(विवाह भएको मितिले ३ महिनाभित्र विवाह दर्ता बनाउनुपर्नेछ)**

६) वडा कार्यालयले माथि उल्लेखित कागजातहरु संकलन एवं तयार गरी (सबै कागजातको एक प्रति प्रतिलिपी आफुसंग राखेर) सिफारिश सहित नगरकार्यपालिकामा पठाउनुपर्ने छ ।

७) वडा कार्यालयले एउटा दम्पतिको बढीमा २ वटा कन्याको लागि मात्र सिफारिश गर्नुपर्नेछ ।

(स्पष्टिकरण : एउटा कन्या विवाह भइसकेको र अर्को पटक जुम्ल्याहा कन्या विवाह भएमाकार्यको लागि योग्य मानिनेछन् ।

८) कन्याको निवेदन लिंदा विवाह भएको बढीमा ३ महिना भित्र निवेदन लिनु पर्नेछ र विवाह दर्ता विवाह भएको मितिले ३ महिनाभित्र दर्ता गरेको हुनुपर्नेछ ।

९) कार्यक्रम सम्बन्धि प्रचार प्रसार एवं अन्य प्रवर्द्धनात्मक कार्यहरुमा सघाउ पु¥याउने ।

१०) नगरकार्यपालिकाले वडाको सिफारिस भई आएका कागजातहरुलाई एउटा छुट्टै अभिलेखालय तयार गरी रितपुर्वक मेयर कन्या विवाह योजना समिति मार्फत आवश्यक प्रक्रिया संचालन गर्नेछ ।

**(ख) मेयर कन्या विवाह योजना संरक्षण समिति गठन एवं समितिको काम, कर्तव्य र अधिकारहरु :**

अ) कार्यक्रमलाई सहज र सरल ढंगले संचालन गर्न नगरकार्यपालिकाले निम्नानुसारको ४ सदस्यीय बालिका संरक्षण समिति गठन गर्नेछ ।

१) नगर प्रमुख - अध्यक्ष

२) वडा अध्यक्ष (नगर प्रमुखले तोकेका) - सदस्य

३) नगरकार्यपालिकाको सदस्य (महिला) (नगर प्रमुखले तोकेका) - सदस्य

४) प्रमख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

आ) वडा अध्यक्षहरु आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछन ।

इ) मेयर कन्या विवाह योजना समितिको काम कर्तव्य र अधिकारहरु निम्नानुसार हुनेछ ।

१) वडा कार्यालयबाट आएका सिफारिसहरुलाई अध्ययन गरी अध्यक्षबाट सहमति प्रदान गर्ने ।

२) कार्यक्रम अन्तर्गत सुविधाको लागि माग भई आएका

कागजातहरुको उचित व्यवस्थापन कार्य गर्न निर्देशन दिने र सो कार्यको अनुगमन गर्नेछ ।

३) समितिको बैठक चौमासिक रुपमा अनिवार्य रुपमा बस्नु पर्नेछ ।

४) बैठक बस्दा सदस्य सचिवले कार्यक्रमको प्रगति प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

५) समितिको आकस्मिक बैठक बस्नु परेमा समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठकको व्यवस्थापन गर्नु पर्ने छ ।

६) समितिको बैठक बस्दा अध्यक्ष नहुदा समेत सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

७) समितिले आफै वा निर्देशन दिए बमोजिम निम्नानुसार कार्यक्रम सम्बन्धि प्रचार प्रसार एवं अन्य प्रवर्द्धनात्मक कार्यहरु गर्नेछ ।

अ) कार्यालयका पदाधिकारी एवं कर्मचारीहरुलाई विभिन्न अवसरहरु पारेर चेतनामुलक कन्या योजना विकास अभियानमा संलग्न गराउने ।

आ) कार्यक्षेत्र भित्र चेतनामुलक तस्विर र प्रचार सामाग्रीहरु टाँस्ने ।

इ) शिक्षा, स्वास्थ्य सरसफाई सम्बन्धि चेतनामुलक प्रचार प्रसार कार्य गर्ने ।

ई) सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग समन्वय, सहकार्य गर्ने ।

८) समितिले आगामी बर्षको लागि विनियोजन गर्नु पर्ने कार्यक्रमको बजेट तयार पारी नगरकार्यपालिकामा सिफारिश गर्नु पर्ने छ ।

९) कन्या क्षमता विकासका लागि छुट्टै कन्या क्षमता विकास कोष खडा गरी प्रत्येक बर्ष विनियोजन भएको बजेट रकम अनुसार कार्यक्रम संचालन गर्ने । साथै कोषको संचालन समितिको सदस्य सचिव र लेखा मार्फत हुनेछ ।

१०) समितिका पदाधिकारीहरुले प्रत्येक वडाहरुमा कार्यक्रमको बारे मा जनसमुदायमा जानकारी भए नभएको बारेमा अनुगमन गरी आवश्यक कार्यक्रम तर्जुमा एवं संचालन गर्ने गराउने ।

११) कार्यक्रमबाट सुविधा पाएका परिवारसंग निरन्तर सम्पर्क गरी कार्यक्रमको प्रगति एवं प्रभावकारिताको बारेमा नगर कार्यपालिकाको बैठकमा जानकारी गराउने ।

१२) कार्यक्रमसंग सरोकार राख्न चाहने व्यक्ति तथा संस्थाहरुसंग सम्पर्क, समन्वय गर्ने ।

१३) कार्यक्रमलाई अझ दिगो र प्रभावकारी बनाउन आवश्यक

उपायहरु पहिल्याउने र योजनाहरु तयार गरी कार्यान्वयन गर्न गराउन लगाउने ।

### (ग) कार्यक्रम अन्तर्गत उपलब्ध हुने सुविधाहरु :

मेयर कन्या विवाह योजना अन्तर्गत नगरकार्यपालिकाले कन्याको शिक्षा, जिवन सुरक्षा एवं भविष्यमा केही आर्थिक मद्दत पुगोस भन्ने हेतुले वित्तिय संस्थामा निजको नाममा खाता खोली रु.३००००/-(अक्षरेपी तीस हजार मात्र) सम्बन्धित देशको नियम कानुन अनुसार विवाह गरेको ३ महिनाभित्र विवाह दर्ता वा नागरिकता पेश गरेपछी भुक्तानी दिईनेछ । उक्त रकम निज कन्याको हुनेछ । सोका लागि आवश्यक शर्तहरु पुरा गर्नु पर्नेछ ।

१) जस्मा २० वर्ष उमेर पुगेपछी विवाह गरेको ।

२) कम्तीमा नौ कक्षा उर्तीणा गरेको हुनुपर्ने ।

३) विवाह भएको ३ महिनाभित्र विवाह दर्ता गर्नुपर्ने ।

४) जुनसुकै जिल्ला वा देशमा विवाह भै गएपनि यस अवसरमा कन्याले सेवा पाउनेछन ।

### घ) वित्तिय संस्थासंगको सम्बन्धन एवं कार्यान्वयन :

वित्तिय संस्थासंगको सम्बन्धन कार्यको लागि निम्न प्रक्रिया अपनाइने छ ।

अ) नगरकार्यपालिकाले मेयर कन्या विवाह योजना कार्यक्रम संचालनका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्था वा नगर पालिका कार्यालयबाट मान्यता प्राप्त अर्धसरकारी वित्तिय संस्था संग सम्बन्धन र सहकार्य गर्नेछ । सो कार्यको लागि निम्न कुराहरुमा ध्यान दिइनेछ ।

  १) वित्तिय संस्था नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त वित्तिय संस्था हुनुपर्नेछ ।

  २) बढी भन्दा बढी ब्याज दिने खालको हुनुपर्ने ।

  ३) वित्तिय संस्थाको वित्तिय अवस्था मजबुत हुनुपर्ने ।

आ) माथि उल्लेखित बुंदा अनुसारका कार्यक्रममा सघाउन ईच्छुक वित्तिय संस्थाहरुलाई आव्हान गरी उनीहरुसंग सम्पर्क र समन्वय गरी छनौट गर्नको लागि समितिको बैठक बसी निर्णय लिइनेछ ।

इ) समितिको सिफारिशमा छनौट भएको वित्तिय संस्था सुविधा पाउने ग्राहक को हितलाई सर्वोपरी मानी नगरकार्यपालिकाले उक्त वित्तिय संस्थासंग कार्यक्रम संचालनको लागि करार सम्झौता गर्नेछ ।

उ) उक्त सम्झौता कार्यको लागि नगरकार्यपालिकाले प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गर्नेछ ।

ई) मेयर कन्या विवाह योजना कार्यक्रमको लागि वित्तिय संस्थालाई चाहिने कागजातहरु उपलब्ध गराई उक्त कार्य सुसम्पन्न हुंदै जानेछ ।

उ) नगरकार्यपालिका र वित्तिय संस्थाको बिचमा मेयर कन्या विवाह यो जना कार्यक्रम सँग सम्बन्धित अन्य कुराहरु दुवै बिचको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

## ङ) अन्य कार्यहरु :

कार्यक्रम अन्तर्गत गरिने अन्य कार्यहरु निम्नानुसार हुनेछन ।

१) मेयर कन्या विवाह योजना कार्य पश्चात्त सो को प्रमाणको प्रतिलिपी नगरकार्यपालिकाले अभिलेखको रुपमा राख्नेछ र सक्कल प्रति कन्याको मातापिता वा अभिभावकलाई बुझाइनेछ ।

२) मेयर कन्या विवाह योजना संरक्षण कार्य गर्दा उल्लेख भए बाहेक थप अन्य कागजात चाहिएमा नगरकार्यपालिकाको कार्यालयले कन्या वा अभिभावकसंग माग गर्नेछ ।

## ५. संशोधन सम्बन्धमा :

यो मेयर कन्या विवाह योजना कार्यक्रम संचालन कार्यविधी, २०७७ मा व्यवस्था गरिएका प्रावधानहरु संसोधन एवं थपघट गर्ने सम्पुर्ण अधिकार नगरकार्यपालिकामा निहित रहनेछ ।

## ६. खारेज र बचाउ :-

यो कार्यविधि संघीय तथा प्रदेश कानुन सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

## ७. संक्षेपीकरण :

श्री लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्य क्षेत्र भित्र जन्म भएका कन्याको जिवन सुरक्षा र भविष्यलाई सुनिश्चित एवं सम्मानित बनाउनको लागि नगरकार्यपालिकाले शिक्षाको विकास गर्ने भनि लुम्बिनी साँस्कृतिक नगर पालिकाको पाँचौं नगरसभाबाट योजना पारित भई मेयर कन्या विवाह यो जना कार्यक्रम संचालन गर्नको लागि वित्तिय संस्था संग सम्बन्धन गरेर कन्याको किशोरी चरण पार गर्दा आफ्नो भविष्य प्रति ढुक्क हुन सकोस भन्ने हेतुले आर्थिक सहयोग सहितको कार्यक्रम तर्जुमा गरिएको छ । बालिका भ्रुण

हत्या, शिक्षामा हुने भेदभाव बालविवाह तथा लैङ्गिक विभेद जस्ता सामाजिक कुरीतीलाई निराकरण गर्ने उद्देश्यबाट अभिप्रेरित यस कार्यक्रमलाई अझ बढि प्रभावकारी बनाउनको लागि नगरपालिका भित्र हरेक तह र तप्कामा प्रवद्धर्नात्मक क्रियाकलाप गरी कार्यक्रमलाई सफल गराउने प्रयास गरिनेछ।

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

अनुसुची १

नगर कार्यपालिकाको कार्यालय, लुम्बिनी, रुपन्देही

**पारिवारिक विवरण**

( मेयर कन्या विवाह योजना संचालन प्रयोजनको लागि)

| परिवारका सदस्यको जानकारी | | शैक्षिक योग्यता | कन्याको पासपोर्ट साईजको फोटो |
|---|---|---|---|
| कन्याको नाम : | | | |
| पिताको नाम : | | | |
| माताको नाम : | | | |
| पतिको नाम : | | | |
| परिवार संख्या : | | | |
| ठेगाना : | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कन्याको जन्म अवस्था : | एकल | पहिलो | | दोस्रो | | जुम्लयाहा | पहिलो | | दोस्रो | |

| | | |
|---|---|---|
| कन्याको जन्म स्थान : | विवाह भएको स्थानः | |
| कन्याको जन्म मिति : | वि.स. मा : | ई.स. मा : |
| परिवारको आर्थिक अवस्थाः | | |
| क. खेती योग्य जग्गा (कुल क्षेत्रफल): | (विगाहा-कठ्ठा -धुर) | |
| ख. अन्य पेशाहरु : | १. | २. |
| ग. थप आम्दानीका श्रोतहरु : | १. | २. |
| परिवारको घरको अवस्था : | घर संख्या : | ........वटा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क. घरको किसिम : | कच्ची | | पक्की | | दुवै | | | | |
| ख. घरको छानो : | खरको | | जस्ताको | | ढुङ्गाको | | पक्की | | अन्य | |
| ग. घरको स्तर | एकतल्ले | | दुईतल्ले | | तिनतल्ले | | चारतल्ले | | |
| दोपाया/चौपाया : | गाई/गोरु | ....वटा | भैंसी | ....वटा | बाखा | ....वटा | कुखरा/हाँस | ....वटा | |
| सवारी साधनः | बस/ट्रक | ....वटा | कार/जिप | ....वटा | मो.साईकल | ....वटा | अन्य | ....वटा | |

लुम्बिनी साँस्कृतिक राजपत्र

आज्ञाले

शिव प्रसाद रेग्मी

प्रमुख प्रशासकीय अधिकृत